# दक्षिण एसियामा चिनियाँ प्रभाव

सम्मेलनमा सहभागी दक्षिण एसियाका विभिन्न क्षेत्रका अगुवाले तयार गरेका अध्ययन, प्रतिवेदनलाई विस्तृतरूपमा प्रस्तुत गरिएको हुँदा किताब धेरै हदसम्म समस्याका आन्तरिक तह खोतल्न सफल छ।



भोजराज पौडेल

दक्षिण एसियालाई आर्थिक, सामाजिक तथा राजनीतिकरूपमा परिस्कृत र उन्नत बनाउने उद्देश्य लिएको दक्षिण एसीयाली क्षेत्रीय सहयोग संगठन (सार्क) स्थापनाको २७ वर्षसम्म सचिवालय सञ्चालनमै सीमित छ। सार्कलाई क्षेत्रीय संगठनका रूपमा स्विकारे पनि सदस्य राष्ट्रहरूबीचको कमजोर सहकार्य र उपेक्षित व्यवहारले दक्षिण एसिया संसारका अन्य क्षेत्रीय सञ्जालको तुलनामा निकै कमजोर र विभाजित छ।

क्षेत्रीय सम्मेलनमा सहभागी भएर धार्मिक अनुष्ठान पूरा गर्नेबाहेक दक्षिण एसियाली मुलुकका सरकारले व्यवहारमा केही गर्न सकेका छैनन्। यस अवस्थामा सुधार गर्न आवश्यक छ भन्ने सन्देशसाथ विभिन्न तहमा भइरहेका कामहरूको पछिल्लो उदाहरण क्षेत्रीय संस्था साउथ एसिया वाच वन ट्रेड, इकोनोमिक्स एन्ड इन्भारोमन्ट (सावती) र साउथ एसिया सेन्टर फर पोलिसी स्टडिज (सासेप) ले किताब 'रिजनल इकोनोमिक इन्टेग्रेसन' शीर्षक किताब संयुक्तरूपमा प्रकाशन गरेको छ।

सार्क क्षेत्रका मुलुकबीचको व्यापारलाई सहजीकरण गर्दै क्षेत्रीय व्यापारको घनत्व बढाउने हेतुले विभिन्न माध्यमलाई मजबुत बनाउन र यहाँका सरकारलाई क्षेत्रीय व्यापारमा जोड दिनलाई दबाब सिर्जना गर्न यी संस्थाले काम गर्दै आएका छन्। सन् २०१० को डिसेम्बरमा काठमाडौंमा सम्पन्न 'दक्षिण एसियाली आर्थिक शिखर सम्मेलन (साएस)' को मुख्य मुद्दा क्षेत्रीय आर्थिक समायोजन रहेको थियो।

त्यस अवसरमा यहाँका सरकारलाई क्षेत्रीय सहकार्य गर्नमा कसरी घच्घचयाउन सकिन्छ र क्षेत्रीय व्यापार कम हुनुमा केकस्ता कारण जिम्मेवार छन् भन्नेमा बृहत् छलफल भयो। सम्मेलनमा प्रस्तुत अध्ययन, प्रतिवेदनहरूलाई जग मानेर तयार पारिएको यस किताबले दक्षिण एसियामा विद्यमान चुनौती र क्षेत्रीय सहकार्य मजबुत नहुनुका कारणहरू बुझ्न मद्दत गर्छ। अल्छीलाग्दो पाराले प्रस्तुत तथ्य र विचारको सँगालो भए पनि यो किताब एउटा बलियो दस्तावेज हो जुन विद्यार्थीदेखि अनुसन्धाता र नीतिनिर्मातासम्म सबैलाई उपयोगी छ।

दक्षिण एसियाको बृहत् दृश्यावलोकन, वस्तु तथा सेवा व्यापार, क्षेत्रीय सम्पर्क एवं व्यापार सहजीकरण, विकास मुद्दा, क्षेत्रीय सहकार्यका वाहकहरू र जलवायु परिवर्तन तथा क्षेत्रीय सहकार्य गरी जम्माजम्मी छ खण्डमा बाँडिएको किताबमा १४ अध्याय छन्। दक्षिण एसियाली क्षेत्रलाई आर्थिकरूपमा मजबुत बनाउन यहाँका सरकार, नागरिक समाज र निजी क्षेत्रले के, कस्ता भूमिका खेल्न सक्छन् र ती प्रत्येक पक्षले किन अहिलेसम्म प्रभावकारी काम गर्न सकेनन् भन्नेबारे किताबका विभिन्न भागमा चर्चा गरिएको छ।

सार्कमा रहेर नेपाल, भारत, पाकिस्तान, बंगालादेश, श्रीलंका, भुटान, म्यानमार र अफगानिस्तानलगायत सदस्य राष्ट्रले धेरै मञ्चमा धेरैपटक विभिन्न प्रतिबद्धता व्यक्त गरेका छन्। किताबले ती प्रतिबद्धता कस्ता प्रकृतिका थिए, किन ती कार्यान्वन हुन सकेनन् र ती कार्यान्वन भइदिएको भए दक्षिण एसिया कति प्रभावशाली हुन्थ्यो भन्नेमाथि प्रकाश पारेको छ।

खासगरी, सार्कले स्थापित गरेका साझा उद्देश्य प्राप्तिप्रति राजनीतिक उदासीनता, क्षेत्रीय व्यापार बढाउन आवश्यक पूर्वाधारको अभाव र क्षेत्रीय व्यापार तथा लगानी प्रवर्द्धन गर्नेतर्फ घच्घच्याउने तथा छलफल अगि बढाउने प्राज्ञिक संस्थाको कमीलगायतलाई किताबले दक्षिण एसिया मजबुत नहुनुका प्रमुख कारण रहेको देखाएको छ। यी सबैभन्दा माथि उठेर यस क्षेत्रको भूराजनीतिक तनावले क्षेत्रीय व्यापारमा





अवरोध सिर्जना गरेको तथ्य पनि किताबमा उल्लेख छ।

दक्षिण एसियामा गरिबी व्याप्त भए पनि भारत, बंगालादेशलगायत मुलुक उच्चदरको आर्थिक वृद्धि हाँसिल गर्न सफल भएका छन्। दक्षिण एसियाली मुलुकहरूले प्रभावकारी सहकार्य गर्न सकेको खण्डमा व्यापारमात्र नभएर ऊर्जा तथा खनिजलगायत क्षेत्रमा पनि प्रशस्त लाभ लिन सक्ने अवस्था छ। जस्तो कि, दक्षिण एसियाली मुलुकले सहकार्यमूलक ऊर्जानीति अवलम्बन गरेको खण्डमा त्यसले नेपाललगायत धेरै मुलुकलाई प्रत्यक्ष फाइदा पुऱ्याउन सक्छ।

सम्मेलनमा सहभागी दक्षिण एसियाका विभिन्न क्षेत्रका अगुवाहरूले तयार गरेका अध्ययन, प्रतिवेदनलाई विस्तृतरूपमा प्रस्तुत गरिएको हुँदा किताब धेरै हदसम्म समस्याका आन्तरिक तह खोतल्न सफल छ। किताबको पहिलो अध्यायले सरसर्ती क्षेत्रीयरूपमा दक्षिण एसिया कसरी अगाडि बढिरहेको छ भन्ने स्पष्ट पारेको छ। दोस्रो अध्यायमा सार्क कसरी यस क्षेत्रका बासिन्दाले गरेका अपेक्षा पूरा गर्न असफल भएको छ र यहाँका सरकारहरू किन उदासीन हुँदैछन् भन्नेमा केन्द्रित छ। यो अध्याय चाखलाग्दो छ किनभने यसमा सार्क क्षेत्रमा चीनको बढ्दो प्रभाव र यसले खेल्न सक्ने भूमिकाबारे पनि चर्चा छ।

सार्कको विकाससँगै क्षेत्रीय व्यापार बढाउन सदस्य राष्ट्रले सन् २००४ बाट सुरू भएर सन् २००६ बाट कार्यान्वयन भएको दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) अन्तर्गतको व्यापार प्रभावकारी हुन नसक्नुमा भारतको रवैया प्रमुख कारण रहेको समेत किताबको तेस्रो अध्यायमा उल्लेख छ।

नेपाल, बंगालादेशलगायत मुलुक यस क्षेत्रको व्यापार प्रभावकारी हुन नसक्नुमा विभिन्न देशले खडा गर्ने गैरभन्सारजन्य अवरोधहरू जस्तोः उत्पत्तिको प्रमाणपत्रलगायत प्रमुख रहेको गुनासो गर्छन्। खासगरी, क्षेत्रीय व्यापार उच्चदरमा बढ्न नसक्नुमा भन्सारजन्य भन्दा गैरभन्सारजन्य अवरोधहरू बढी जिम्मेवार रहने गरेको पाइन्छ। किताबको चौथो अध्यायमा दक्षिण एसियाली क्षेत्रको व्यापारमा गैरभन्सारजन्य अवरोध, यसको प्रकृति र यसलाई सम्बोधन गर्न अँगाल्नुपर्ने विभिन्न उपायमाथि चर्चा गरिएको छ। यो अध्याय खासगरी अन्तर्राष्ट्रिय व्यापारका लागि अर्को देशमा भर पर्नुपर्ने नेपालजस्ता भूपरिवेष्ठित मुलुकका लागि बढी सान्दिर्भक छ।

दक्षिण एसियामा वस्तुव्यापार नै समस्यामा रहेका बेला सेवा व्यापारबाट धेरै अपेक्षा गर्नु राम्रो होइन। तर, किताबको छैटौं अध्यायमा यस क्षेत्रमा विद्यमान सेवा व्यापारको अवस्था र यसको आकार ठूलो बनाउन विभिन्न तहमा भइरहेका पहलबारे उल्लेख गरिएको छ।

किताबको सातौं अध्याय यस क्षेत्रको यातायात सञ्जालसँग सम्बन्धित छ। हामीले खपत गर्ने विभिन्न वस्तुको बजारमूल्यको १३ देखि १४ प्रतिशतसम्म ढुवानी खर्चबाट प्रभावित हुन्छ। यस्तो पृष्ठभूमिमा यस क्षेत्रको व्यापार बढाउँदै वस्तुको बजारमूल्य कम चलायमान बनाउन गर्नुपर्ने विभिन्न सुधारबारे यस अध्यायमा चर्चा गरिएको छ।

व्यापार सहजीकरणमा सरकारको भूमिका महत्वपूर्ण हुन्छ। नेपालको उदाहरणलाई पस्केर व्यापार सहजीकरणमा राज्यको कस्तो भूमिका हुन्छ भन्ने किताबको आठौं अध्यायमा देखाइएको छ। नवौं अध्यायमा अरब मुलुकमा देखा परेका समस्याले दक्षिण एसियाली मुलुकमा विप्रेषणमार्फत आइपुग्ने असर केलाइएको छ। दसौं अध्यायले यस क्षेत्रका अल्पविकसित मुलुकको विकासका लागि कोष स्थापना गर्नुपर्ने आवश्यकतामाथि चर्चा गरेको छ भने एघारौं अध्यायमा क्षेत्रीय सहकार्यलाई प्रभावकारी बनाउन राज्यइतरका पक्षहरूको कस्तो भूमिका हुन्छ भन्नेबारे छलफल छ। किताबका बाँकी अध्यायमा यहाँको निजी क्षेत्र, यिनले गरेका प्रयाससँगै जलवायु परिवर्तन र विश्व व्यापार संगठनमा दक्षिण एसियाली मुलुकका स्वार्थबारे चर्चा छ।

किताब समग्रमा दक्षिण एसिया, यहाँको व्यापार, यसबाट यहाँको गरिबी न्यूनीकरणमा भइरहेका प्रयास र विद्यमान चुनौतीमाथि केन्द्रित छ। व्यापारविज्ञ रत्नाकार अधिकारी, समन कलेग्मा, पुष्प शर्मा र पारस खरेलद्वारा सम्पादित यस किताबले सार्क सदस्य राष्ट्र र यहाँका नीतिनिमार्तालाई झकझक्याउँछ। यहाँका सरकार, निजी क्षेत्र र नागरिक समाजका तर्फबाट इमानदार प्रयास भए दक्षिण एसिया सबल र उन्नत क्षेत्रीय शक्ति बन्न सक्छ।